༄༅། །ཁུམ་བུ་པ་སངས་ལྷ་མོ་གཱ་ཨུན་པཱ་ལི་ཀཱ།།

# खुम्बु पासाङल्हामु गाउँपालिका

**Khumbu Pasanglhamu Rural Municipality**

गाउँ कार्यपालिकाको कार्यालय, चौरीखर्क, सोलुखुम्बु, कोशी प्रदेश, नेपाल

Office of the Rural Municipal Executive, Chaurikharka, Solukhumbu, Koshi Province, Nepal

मितिः २०८१/११/०५

विषयः <u>प्रेस विज्ञप्ति</u> ।

खुम्बु पासाङल्हामु गाउँपालिका केन्द्र जोड्ने डिम दोर्जि शेर्पा पर्यटन सडक यस गाउँपालिकाको गौरवको योजना हो। हालसम्म पनि सडक सञ्जालले नजोडिएको यस गाउँपालिकाको केन्द्र चौरिखर्कसम्म ट्र्याक खोल्ने कार्य निकै चुनौतीपूर्ण छ । कडा चट्टानी भीर पार गर्नुपर्ने भएकाले निर्माण कार्य अत्यन्त खर्चिलो र समय लाग्ने भएको छ। हाल सुर्केसम्म ट्र्याक खुलिसकेको यो सडक यातायात तथा ढुवानीका लागि हवाई यातायातको विकल्पका रूपमा रहेको हुँदा यसलाई वर्षभर सञ्चालन गर्न अत्यावश्यक छ।

गाउँपालिकाको स्थापना भएपछि मात्र सुरू गरिएको यो सडक निर्माणमा गाउँपालिकाकै प्रमुख लगानी तथा समन्वय रहेको छ। ट्र्याक खुलेपछि स्थानीय बासिन्दा र यात्रुहरूले सेवा सुविधामा सहजता अनुभव गरिरहेका छन् भने यातायात व्यवसायीहरूले निर्वाध रूपमा व्यवसाय सञ्चालन गरिरहेका छन् । स्थानीयस्तरमा व्यवसाय सञ्चालन गर्ने सबै व्यवसायीलाई व्यवसाय कर तथा सेवा शुल्क लगाउनु गाउँपालिकाको कानुनी अधिकार हो। यस गाउँपालिका भित्र व्यवसाय सञ्चालन गर्ने सबै व्यवसायीलाई नियमअनुसार करको दायरामा ल्याउन गाउँसभाले आर्थिक ऐन बनाई प्रत्येक वर्ष कर सङ्कलन गर्दै आइरहेको छ।

नियमित रुपमा मर्मत संभार गरीराख्नुपर्ने सडकमा स्थानीय सरकारले लगाएको मर्मत संभार शुल्कलाई केही सञ्चार माध्यमहरुले अनावश्यक रूपमा भ्रम फैलाउने किसिमले गरिराखेको प्रचार प्रसार प्रति गाउँपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ । स्थानीय सरकारले लगाएको मर्मत संभार शुल्क कुनैपनि व्यक्ति/यात्रीबाट नभई खुम्बु क्षेत्रमा व्यवसाय गर्ने यातायात व्यवसायीबाट लिईएको शुल्क हो । यो सम्बन्धमा यातायात व्यवसायीहरुले कुनै पनि किसिमको बिरोध तथा असहमती प्रकट नगरेको अवस्थामा समेत गाउँपालिकाले चालेको सकारात्मक कदमलाई नकारात्मक रूपले व्याख्या गर्ने प्रयत्न भएको छ, यो सरासर गलत हो । यसले गाउँपालिकाको समृद्धिमा आघात पुग्ने गाउँपालिकाको ठहर छ । गाउँपालिकाले बाह्रै महिना सडाक सञ्चालन गर्ने उद्धेश्यमा व्यवधान शिर्जना गर्ने कुचेष्टा मात्र हो । सडकमा मर्मत शुल्क लिने विश्वव्यापी प्रयास रहेको छ । नेपालमा पनि साविकमा जिल्ला विकास समितिले यो किसिमको शुल्क लिएर सडकको स्तरोन्नती तथा मर्मत संभार गर्ने काम गरेको पाईन्छ । गाउँपालिकाको प्रतिष्ठामाथि आँच आउने गरी भई रहेको प्रचार प्रसार प्राति गाउँपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ ।

यस विषयलाई लिएर हिमाल समाचारले भ्रामक तथा गलत प्रचार शैली अपनाई समाचार सम्प्रेषण गरेको प्रति गाउँपालिकाको गम्भीर आपत्ति रहेको छ । सडक मर्मत सम्भार शुल्क सङ्कलनबारे हिमाल समाचारले झुटा आरोप लगाई तथ्यहीन समाचार प्रचार गरेको पाइएको छ । साथै, सोही समाचारलाई आधार मानेर सामाजिक सञ्जालमा नकारात्मक टिप्पणी गरिएको देखिएको छ।

बढी भाडा असुलिएको प्रमाण सहित गुनासो गरेमा सम्बन्धित व्यवसायीमाथि स्थानीय सरकारले कारबाही गर्नेछ । हालसम्म त्यस्तो कुनै गुनासो प्राप्त नभएको स्पष्ट पार्दै, हिमाल समाचारले मनगढन्ते कथा बनाई गाउँपालिकाको बदनाम गर्ने नियतले झुटा समाचार सम्प्रेषण गरेको पुष्टि भएको छ। त्यसैले, कोही कसैले पनि यस्ता भ्रामक समाचारमा नपरी सचेत रहन अनुरोध गर्दै यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

ल्हाक्पा छिरी शेर्पा

प्रवक्ता

Email: ito.khumbupasanglhamumun@gmail.com, info@khumbupasanglhamumun.gov.np

Phone: +97738590046